१८ औं प्रतिदिन वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



# बिर्तामोड, अर्जुनधारा, सुरुङ्गा र बुधबारेलाई वैज्ञानिक शहर बनाउने

**• इन्दिराको घोषणा**

झापा, फागुन ८ । राष्ट्रिय स्वतन्त्र पार्टीकी उम्मेदवार इन्दिरा राना मगरले शहरी विकास योजनाअन्तर्गत बिर्तामोड, अर्जुनधारा, सुरुङ्गा र बुधबारेलाई वैज्ञानिक शहर बनाउने घोषणा गरेकी छन् । झापा २ मा रास्वपाका उम्मेदवार मगरले १३ बुँदे चुनावी घोषणापत्र सार्वजनिक गर्दै बिर्तामोड, अर्जुनधारा, सुरुङ्गा र बुधबारेमा वैज्ञानिक सिटी मास्टरप्लान कार्यान्वयन र योजनाबद्ध शहरी विकास गर्ने घोषणा गरेकी हुन् । उनले साइकल लेन, फुटपाथ र हरित क्षेत्र विस्तार गर्ने ,स्मार्ट ट्राफिकको व्यवस्थापन गर्ने उल्लेख गरेकी छन् । बिर्तामोड बसपार्क समाधान गर्न पहल तथा ट्राफिक जाम, तार/पोल र ढल निकासको स्थायी समाधान गर्ने , स्थानीय हाटबजार तथा कृषि चोक बजारको आधुनिकीकरण र विस्थापित पक्षको समस्या समाधान गर्ने र अलपत्र परेका विकास योजना समयमै पूर्णता सुनिश्चित गर्ने घोषणापत्रमा उल्लेख छ ।



नीतिगत सुधार, पारदर्शिता र जवाफदेहिता,सीमान्तकृत र कमजोर वर्गको आवाज संसदमा सुनिश्चित र स्थानीय तथा प्रदेश संरचनामा इ-गभर्नेन्सको व्यवस्थापन गर्ने मूल प्रतिवद्धता जनाएकी पूर्व उपसभामुखसमेत रहेकी मगरले मल, बीउ र सिंचाई समयमै पारदर्शी रुपमा उपलब्ध गराउने, न्यूनतम समर्थन मूल्य र बजार ग्यारेण्टी सुनिश्चित गर्ने ,उत्पादनमा आधारित अनुदान, कृषक पहिचान र सरकार-किसान साझेदारी गर्ने ,जैविक खेती र भूगोल अनुसारका बाली प्रवर्धन गर्ने ,चिया, सुपारी कृषकलाई सोझै बजारसम्म जोड्ने, एग्रो टुरिजमको विकास गर्ने ,युवा लक्षित सीपमुलक तालिम, 'सीप मेला' स्टार्टअप सहयोग कोषमार्फत उद्यमशीलता प्रबर्द्धन गर्ने ,वैदेशिक रोजगारीबाट फर्किएका युवाको सीप, अनुभव र लगानी स्वदेशमै उपयोग गर्ने , आरएण्डडी हव स्थापना गरी प्रविधि र नवप्रवर्तनमा आधारित रोजगारी सिर्जना गर्ने ,युवा खेलकुद पूर्वाधार विकास र जेनजीको ऊर्जा उत्पादनमुखी गतिविधिमा रुपान्तरण गर्ने , कृषि, चिया, पर्यटन र साना उद्योगलाई रोजगारीसँग जोड्दै झापा-२ लाई व्यापारिक तथा एग्रो प्रोसेसिङ हबको रुपमा विकास गर्ने ,एसएमइएस र स्टार्टअप उद्योग प्रवर्द्धन, नवप्रवर्तन आधुनिकीकरण र सुरक्षित वितरण प्रणाली लागु गर्ने ,उद्योगी-व्यापारी सुरक्षा, सहकार्य र स्थानीय व्यवसायको दीगो विकासमा जोड दिने उल्लेख छ । त्यस्तै सामुदायिक विद्यालयको गुणस्तर सुधार र प्रविधिमैत्री शिक्षा विस्तार गर्ने ,शिक्षक-विद्यार्थी अनुपात सन्तुलन तथा कक्षा ६ देखि आवासीय विद्यालयको अवधारणा लागु गर्ने , गरिव, सीमान्तकृत र अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्ति विस्तार गर्ने ,प्राविधिक, मेडिकल र व्यवस्थापन अध्ययनको सम्बन्ध प्रकृयामा सहजीकरण, शैक्षिक हब क्षेत्रको रुपमा विकास गर्ने ,सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने , प्राथमिक स्वास्थ्य केन्द्र सुदृढीकरण तथा रोग पहिचान प्रणालीको विकास गर्ने , सरकारी अस्पतालमा डी एडिक्सन ओपीडी / जेनेरिक औषधिको उपलब्धता गराउने ,वृद्ध, एकल महिला, अपाङ्गता भएका तथा विपन्न वर्गका लागि विशेष स्वास्थ्य सुरक्षा प्रदान गर्ने , अर्जुनधारा क्षेत्रका वन तथा नदीजन्य स्रोतको दोहन नियन्त्रण गरी दिगो उपयोग र संरक्षण गर्ने ,रिसाइक्लिङ प्लान्ट तथा वेस्ट एण्ड वाटर मेनेजमेन्ट सम्बन्धी कानुनी व्यवस्था सुदृढ गर्ने ,नदी र बन क्षेत्रलाई एन्टी डम्पिङ जोन घोषणा गर्ने । वृक्षरोपण, ग्रीन एनर्जी ग्राउण्ड वाटर रिचार्जका कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ,अर्जुनधारा, विराटपोखरीलगायत धार्मिक स्थलको संरक्षण र आध्यात्मिक पर्यटन केन्द्रका रुपमा विकास गर्ने ,सम्भावित पर्यटन क्षेत्रको पहिचान गरी आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने ,

झापा-२ लाई धार्मिक पर्यटन, उद्योग र शिक्षासंग जोडिएको एकीकृत विकास मोडलमा रुपान्तरण गर्ने ,आदिवासी, जनजाति तथा सीमान्तकृत वर्गको उत्थानका लागि भाषा तथा संस्कृति संरक्षण कोष स्थापना र मातृभाषा शिक्षाको प्रवर्द्धन गर्ने ,हस्तकला, पारम्परिक कृषि र सीप विकासमार्फत आयआर्जन तथा बजार प्रवर्द्धन गर्ने ,जनजाति तथा सीमान्तकृत वर्गका लागि मेडिकल र इन्जिनियरिङ शिक्षामा छात्रवृत्ति व्यवस्था गर्ने , महिला नेतृत्व, सुरक्षा र आर्थिक सशक्तीकरणमा प्राथमिकता दिने , स्तन तथा पाठेघर क्यानसरको रोकथाम र दीर्घकालिन समाधानका लागि कानुनी व्यवस्था गर्ने , बाल श्रम र बालविवाहविरुद्ध शून्य सहनशीलता तथा जीइएसआई सिद्धान्तको पूर्ण कार्यान्वयन गर्ने , अटिजम तथा अपाङ्गता भएका बालबालिकाको लागि विशेष शैक्षिक कार्यक्रमको व्यवस्था गर्ने , भूमिहीन र आवास अधिकारअन्तर्गत योजनावद्ध सुरक्षित आवास विकास गर्ने ,सहुलियत ऋण, अनुदान र पुनर्वासको व्यवस्था गर्ने ,

आधारभूत पूर्वाधारसहित आवासीय क्षेत्र निर्माण गर्ने ,भूमिहीनहरुको समस्या वैज्ञानिक रुपमा अध्ययन र समाधान गर्ने ,. विपद तथा हात्ती-मानव द्वन्द्व एलिफेन्ट मेनेजमेन्ट मास्टरप्लान कार्यान्वयन गर्ने ,छिटो मुआब्जा, बाली बीमा, सोलर फेसिङ र पूर्वचेतावनी प्रणाली स्थापना गर्ने ,

सामुदायिक स्वयंसेवक समूह र सीमावर्ती क्षेत्रसंग समन्वय र संवाद गर्ने ,

नदी कटान रोकथाम र तटबन्धसम्बन्धी कार्यान्वयन गर्ने , साझेदारी र सुशासनअन्तर्गत उद्योगी, व्यापारी, सामाजिक संस्था र सरकारसंग सहकार्य गरी विकास योजना निर्माण गर्ने , जनप्रतिनिधिसंग प्रत्यक्ष संवाद र सहज समन्वय प्रणाली स्थापना गर्ने , रात्रिकालीन बजार सुधार, स्थानीय बजेट व्यवस्थापन र दर्ताप्रणालीमा पारदर्शिता सुनिश्चत गर्ने र उद्योगी-व्यापारी सुरक्षा र दिगो व्यवसाय प्रवर्द्धन गर्ने कुरा घोषणापत्रमा उल्लेख गरिएको छ ।

# प्रहरी चौकी बिर्ताबजार तोडफोड

झापा, फागुन ८ । बिहीवार दिउँसो हुलहुज्जत गरी एक समूहले प्रहरी चौकी बिर्ताबजार तोडफोड गरेको छ । दिउँसो १:३० बजेतिर बिर्तामोड-३ को काजी पार्टी प्यालेसमा काम गर्ने बाह्रदशी-४ का सुजन राईलाई सोही पाटी प्यालेसका संचालक बिर्तामोड-३ बस्ने बर्ष २९ का आकाश खड्का,सोही पाटी प्यालेसमा काम गर्दै आएका बर्ष ४० का कोमल शिवाकोटी,अर्जुनधारा ९ बस्ने बर्ष





२७ का बिपिन बुढाथोकीले सामान्य विवादमा कुटपिट गरेका थिए ।

प्रहरीले कुटपिट गर्ने तीनैजनालाई नियन्त्रणमा लिएर प्रहरी चौकी बिर्ताबजारमा ल्याएर राखेकोमा सुजन राई पक्षका करिव ३५-४० जनाको संख्यामा उत्तेजित भीड चौकीमा आएर तोडफोड गरेका हुन् ।

उनीहरूले तोडफोड गर्दा प्रहरी चौकी बिर्ताबजारको कार्यालयको अगाडिको झ्यालको सिसा फुटेको छ भने कार्यालयको कम्पाउण्डभित्र रहेको कम्प्युटर टेवल समेत तोडफोड गरेर क्षति पुर्‍याएका छन् ।

कुटपिटमा संलग्न तीनै जनालाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको छ । घाइते राईको बीएण्डसी अपतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । प्रहरी चौकी तोडफोडमा संलग्न अरु फरार रहेकाले खोजतलास भइरहेको जनाइएको छ । धेरै संख्यामा हुल आएपनि तोडफोडमा दुईजना संलग्न रहेको पाइएकाले उनीहरुको खोजी भइरहेको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी विजय श्रेष्ठले बताए । उनले कुटपिटमा संलग्न ती तीनजनामाथि पनि कानुनी प्रक्रिया अघि बढाइएको जानकारी दिए । पाटी प्यालेसका संचालक खड्काले सुधार केन्द्र पनि संचालन गर्दै आएका छन् । उनले यसअघि पनि पटकपटक त्यस किसिमको उपद्रो गर्दै आएका छन्

# दुर्गा प्रसाईंलाई अदालतमा उपस्थित गराउन आदेश



काठमाडौं, फागुन ८ । सर्वोच्च अदालतले बीएण्डसी अस्पतालका संचालक दुर्गा प्रसाईंलाई अदालतमा उपस्थित गराउन शुक्रवार आदेश दिएको छ ।

बन्दीप्रत्यक्षीकरण रिटमा सुनुवाइ गर्दै सर्वोच्च अदालतका न्यायाधीश श्रीकान्त पौडेलको एकल इजलासले अदालतमा उपस्थित गराउन आदेश दिएको हो । साथै प्रसाईंलाई पक्राउ गर्नुको कारण पेस गर्न पनि सरकारका नाममा आदेश जारी भएको छ । दुर्गा प्रसाईंको हकमा उमा प्रसाईंले बन्दीप्रत्यक्षीकरण रिट दर्ता गराएकी थिइन् ।

यसअघि माघ २३ मा पनि पक्राउ परेका प्रसाईं हाजिर जमानीमा छुटेका थिए । त्यसबेला निर्वाचनबारे उनले बोलेका कुरालाई प्रहरीको साइबर ब्युरोले अनुसन्धानको 'आधार' बनाएर बयान लिएर छाडेको थियो ।

प्रसाईंले फागुन २१ मा हुन लागेको निर्वाचन विथोल्ने अभियान सुरु गर्न लागेको आशंकामा प्रहरीले उनलाई पटकपटक पक्राउ गर्दै आएको छ । माघ ५ मा पनि पोखराबाट पक्राउ परेका प्रसाईंसँग प्रहरीले बयान लिएर छाडेको थियो ।

# सी.के. प्रसाईको बहुआयामिक ब्यक्तित्वबारे चर्चा

बिर्तामोड,फागुन ८ । झापाको विर्तामोडमा आयोजित एक कार्यक्रमका सहभागी बक्ताहरुले सी.के. प्रसाईको बहुआयामिक ब्यक्तित्वबारे चर्चा गरेका छन् ।

सी.के. प्रसाईको ३२ औं स्मृति दिवसका अवसरमा सी.के. चिन्तन प्रतिष्ठान झापाको आयोजनामा 'सी.के. प्रसाईको ब्यक्तित्व र प्रजातान्त्रिक समाजवाद' विषयक विचार गोष्ठी एवं सम्मान कार्यक्रमका सहभागी बक्ताहरुले सी.के विचार, प्रजातान्त्रिक समाजवाद एवं सरल राजनीतिक ब्यक्तित्वबारे चर्चा गरेका हुन् ।

कार्यक्रमका प्रमुख अतिथि नेपाली कांग्रेसका केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटीले सी.के. प्रसाई नेपाली कांग्रेसको ' इन्साइक्लोपेडिया' भएको बताए । 'जसरी इन्साइक्लोपेडिया बहुउपयोगी र सबैका लागि पठनीय हुन्छ, कांग्रेसको राजनीतिमा सी.के. प्रसाईं इन्साइक्लोपेडिया हो । उहाँको ब्यक्तित्वमा समाजवादको पूर्ण अनुकरण एवं विचारमा समाजवादी दृष्टिकोणको पूर्ण ब्याख्या भेटिन्छ ' शिवाकोटीले भने ।

राजनीति गर्ने र राजनीतिमा चासो राख्ने हरेक ब्यक्तिले 'सी.के.को सरल राजनीति' पुस्तक पढ्नुपर्ने चर्चा गर्दै उनले सी.के. प्रसाईले दिनमा एक घण्टा दैनिक लेख्ने गरेको स्मरण गरे । 'विहान ४ बजेदेखि ५ बजेसम्म उहाँ जहिल्यै लेख्नुहुन्थ्यो, लेखेको कुरा सम्पादन गर्नु पर्दैनथ्यो'उनले भने,'उहाँ मेरो संरक्षक र राजनीतिक गुरु हुनुहुन्थ्यो ।'

पूर्वसांसद डिल्लीप्रसाद सिटौलाले राजनीतिमा विचारप्रतिको प्रतिबद्धता, इमान्दारिता, निष्ठा चाहिने उल्लेख गर्दै नेतृत्वमा विनम्रता आवश्यक हुने बताए । 'अर्काको घर भत्काएर आफ्नो घर ठडिदैन, सबैको घर अग्लो भएमात्रै समृद्धि आउँछ'उनले भने,'वी.पी.विचार एवं



सी.के.को विचारको सम्मान गर्ने हो भने राजनीतिमा इमान्दारिता जरुरी छ । सबैजना इमान्दार बन्नुस्, निर्वाचन नजिकिएको छ ।'

नेपाली कांग्रेस कोशी प्रदेशका सभापति उद्धव थापाले 'नेताको बोली बन्दुकको गोलीभन्दा बलवान हुन्छ' भन्ने धारणा सी.के प्रसाईले राख्ने गरेको स्मरण गर्दै यो विचार जहिल्यै सान्दर्भिक रहने चर्चा गरे । कुनै राजनीतिक योगदान नभएका ब्यक्तिहरु सामाजिक सञ्जालबाट राजनीतिमा उदाउने प्रयास गरिरहेको धारणा राख्दै सभापति थापाले सामाजिक सञ्जालको लोकप्रियता मतपेटिकामा नबदि्लने सन्देश बंगलादेश र थाइल्याण्डको निर्वाचनले दिएको बताए।

कार्यक्रममा नेपाली कांग्रेस पूर्व केन्द्रीय सदस्य एवं झापा क्षेत्र नं-२ का प्रत्यक्षतर्फका उम्मेद्वार सरिता प्रसाईले सी.के. प्रसाईंको विचार पढेर थुप्रै मानिसहरु प्रजातान्त्रिक समाजवादी विचारधारामा आबद्ध भएको बताउँदै उनको नाममात्रले पनि आफू समेत विभिन्न ठाउँमा सम्मानित भएको बताइन् । वी.पी.कोइरालाको प्रजातान्त्रिक समाजवादी विचार एवं सी.के. प्रसाईंको त्यसैमा केन्द्रित ब्याख्याले समाजवादी विचारधारा बुझ्न सहज बनाएको उनको भनाई थियो । विचारप्रतिको निष्ठा र आदर्शले राजनीतिक सफलता प्राप्त हुने बताउँदै उनले सी.के.का विचारलाई अनुशरण गरेर नजिकिएको प्रतिनिधिसभा निर्वाचनमा आफ्नो पक्षमा मत प्रदान गर्न आम मतदातामा आह्वान गरिन् ।

कार्यक्रममा 'सी.के.प्रसाईको ब्यक्तित्व र प्रजातान्त्रिक समाजवाद' का विषयमा केन्द्रित रहेर बोल्दै पूर्वमन्त्री खगेन्द्रप्रसाई प्रसाईले आफ्नो आस्था नमिले पनि सी.के. प्रसाईको विचार, ब्यक्तित्व र इमानले सबै आस्थाका मानिसहरुलाई एकै ठाउँमा उभ्याएको चर्चा गरे ।

कार्यक्रममा बरिष्ठ अधिबक्ता लीला उदासीले सी.के. प्रसाईको ब्यक्तित्व प्रजातान्त्रिक समाजवादले अंगिकार गरेको नीति अनुसारकै रहेको चर्चा गर्दै वी.पी. कोइराला, तुर्सा हेमरमको नाम नजोडी सी.के.को ब्यक्तित्व अपुरो रहने धारणा राखे । सर्वश्वहरणमा परेर निर्वासनमा रहेका बेलासमेत उनलाई बोलाएरै नर्थ बंगाल युनिभर्सिटीले अध्यापन गराउन लगाएको बताउँदै बरिष्ठ अधिबक्ता उदासीले निर्वासनमा रहँदा पनि सी.के. प्रसाईका विचारहरु भारतीय पत्रपत्रिकाले छाप्ने गरेको र त्यो खोजी-खोजी पढ्ने गरेको स्मरण गरे । सी.के. चिन्तन प्रतिष्ठानका पूर्व अध्यक्ष एवं साहित्यकार कृष्ण धराबासीले प्रतिष्ठान स्थापना र सी.के. प्रसाईका विचारहरु पुस्तक प्रकाशनको ऐतिहासिक पक्ष बताउँदै निर्वासनको सजाय भोगिरहेका ब्यक्ति सी.के. प्रसाईंसँग विवाह गरेर उनको राजनीतिक सफलतामा गिरिराजकुमारी प्रसाईंको योगदान उत्तिकै चर्चायोग्य रहेको बताए।

अर्का बक्ता अधिबक्ता लक्ष्मी खनाल कोइरालाले सी.के.को सरल राजनीति पुस्तक सबैले पढ्नुपर्ने बताउँदै त्यहाँभित्रका अधिकांश विचारहरु अहिलेपनि समयसान्दर्भिक रहेको चर्चा गरिन् ।

कार्यक्रममा प्रजातान्त्रिक आन्दोलनका अग्रज योद्धा एवं सी.के. प्रसाईका समकालीन राजनीतिज्ञ डिल्लीप्रसाद सिटौलालाई सम्मानपत्र, खादा एवं नगदसहित सम्मान गरिएको थियो ।

सी.के. चिन्तन प्रतिष्ठानका अध्यक्ष टीकाप्रसाद प्रसाईंको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत एवं औचित्यमाथि उपाध्यक्ष सजेश शिवाकोटीले प्रकाश पारेका थिए । प्रतिष्ठानका महासचिव इन्दु पूर्वेलीले सञ्चालन गरेको कार्यक्रममा सम्मानपत्र सचिव खगेन्द्रप्रसाद प्रसाईले वाचन गरेका थिए । कार्यक्रममा सी.के चिन्तन प्रतिष्ठानका संरक्षक विवेककेशरी प्रसाई, संगिता प्रसाई, शहीदपिता केदार समशेर गिरी, साहित्यकार पुण्य खरेल, नेपाली कांग्रेस कोशी प्रदेश सदस्य रञ्जिता कार्की, महासमिति सदस्यहरु जलकुमार गुरुङ, सिता पौडेल, दिपेन्द्र ढकाल, महाधिवेशन प्रतिनिधिहरु भीम राजवंशी, खगेन्द्रविक्रम नेम्बाङ, बडाराम हेमरम, भुमादेवी घिमिरे ,नेपाल प्रेस युनियन केन्द्रीय सचिव रेजिना गौतम, नेपाल ट्रेड युनियन कांग्रेस केन्द्रीय सदस्य उर्मिला ढकाल पोखरेल, समानुपातिक सांसद पदका उम्मेद्वार मनुमाया विश्वकर्मा, नेपाली कांग्रेस २ नम्बर क्षेत्रीय सभापति खगेन्द्र मैनाली, जिल्ला सदस्य एवं विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको प्रतिष्ठानका कोषाध्यक्ष कञ्चना ढकाल सिटौलाले जानकारी दिएकी छन् ।

# एमाले कार्यकर्ताले दाङको रास्वपा सम्पर्क कार्यालयमा तोडफोड गरे

राष्ट्रिय स्वतन्त्र पार्टी दाङ क्षेत्र नम्बर ३ को सम्पर्क कार्यालय तुलसीपुरमा तोडफोड भएको छ ।

आज साँझ नेकपा एमालेका कार्यकर्ताहरूले तोडफोड गरेका हुन् ।

तोडफोड भएको भिडियो सामाजिक सञ्जालमा पनि सार्वजनिक भएको छ । युवा संघ र एमालेको नारा लगाउँदै केही युवाले तोडफोड गरेका हुन् ।

हिजो एमालेको झण्डा रास्वपाका कार्यकर्ताले जलाएका थिए । सोही कारण आज कार्यालयमा तोडफोड भएको हो ।

उक्त झण्डा जलाउने १ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

# झापामा निर्वाचनका लागि ७ हजार ३८० जनशक्ति परिचालन




झापा, फागुन ८ ।झापामा आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ७ हजार ३८० जना जनशक्ति परिचालन गरिने भएको छ ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार ४ हजार ९३० जना कर्मचारी , २ हजार ४१५ जना स्वयंसेवक र निर्वाचन अधिकृतको कार्यालयबाट ४५ जना खटिने छन् । जिल्ला निर्वाचन अधिकारी तुलसी नेपालले त्यसबाहेक जिल्ला निर्वाचन कार्यालयबाट केही कर्मचारी खटिने जानकारी दिए । झापामा २८५ वटा मतदानस्थल र ८१५ वटा मतदानकेन्द्र रहेका छन् । एउटा मतदान केन्द्रमा ६ जना कर्मचारी रहने छन् । एकजना मतदान अधिकृत , एकजना सहायक मतदान अधिकृत , तीनजना सहायक कर्मचारी र एकजना कार्यालय सहयोगी रहने मुख्य निर्वाचन अधिकृत उमेश लुइटेलले बताए ।

झापामा तीनवटा अस्थायी मतदानकेन्द्रको पनि व्यवस्था गरिएको छ । दमक नगरपालिका , झापा कारागार र कर्मचारी मिलन केन्द्र भद्रपुरमा अस्थायी मतदानकेन्द्र रहने जिल्ला निर्वाचन अधिकारी नेपालले जानकारी दिए ।

अस्थायी मतदानकेन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत र सहयोगी कर्मचारीसहित तीनजनाका दरले खटाइने जनाइएको छ । झापामा फागुन ३ गतेदेखि मतदाता शिक्षा कार्यक्रम संचालन गरिएको छ । फागुन १७ गतेसम्म संचालन हुने मतदाता शिक्षा कार्यक्रमका लागि १३१ वटा वडामा १३१ जना मतदाता शिक्षा स्वयंसेवक र १५ जना मतदाता शिक्षा अनुगमनकर्ता खटाइएको छ । झापामा निर्वाचनका सम्पन्न गराउनका लागि जनपद प्रहरी , सशस्त्र प्रहरी , नेपाली सेना र निर्वाचन प्रहरी गरी लगभग ९ हजार सुरक्षाकर्मी खटाइने प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले जानकारी दिएका छन् ।

# नेशनल बास्केटबल लिग फागुन २६ गतेदेखि हुने

नेपाल बास्केटबल सङ्घ (नेबा) को आयोजनामा हिमालयन जाभा नेशनल बास्केटबल लिग यही फागुन २६ गतेदेखि सुरु हुने भएको छ।

नेबाद्वारा आज यहाँ आयोजित पत्रकार सम्मेलनमा दोस्रो संस्करणको उक्त प्रतियोगिता यही फागुन २६ देखि आगामी चैत २८ गतेसम्म त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा आयोजना हुने जानकारी दिइएको हो।

बत्तीस दिनसम्म सञ्चालन हुने प्रतियोगितामा आठ टिमले प्रतिस्पर्धा गर्नेछन् । जसमा पहिलो संस्करणमा च्याम्पियन बनेको टाइम्स इन्टरनेसनल कलेजसँगै उपविजेता गोल्डेनगेट इन्टरनेसनल कलेज, तेस्रो भएको हाउण्ड्स र चौथो भएको कीर्तिपुरसहित त्रिभुवन आर्मी क्लब, सोलो बास्केटबल, रोएल र प्लेबक्स एरेनाले प्रतिस्पर्धा गर्नेछन् ।

आर्मी, सोलो, रोएल र प्लेबक्स गत पुसमा भएको लिनिङ बास्केटबल प्रतियोगिताको शीर्ष चारमा रहेर दोस्रो संस्करणको नेशनल बास्केटबल लिगको लागि छनोट भएका हुन् । डबल राउन्ड रोबिन प्रणालीमा खेलाइने प्रतियोगितामा लिग चरणमा कुल ५६ खेल हुनेछन्। लिगमा शीर्ष चारमा रहने टोलीहरू प्लेअफमा प्रवेश गर्नेछन्। त्यसपछि सेमिफाइनल र फाइनल खेल हुने नेबाका अध्यक्ष भीमसिंह गुरुङले जानकारी दिए। नेपाली बास्केटबलको व्यावसायिक संरचना विकास गर्नु र खेलाडीलाई थप अवसर र प्रतिस्पर्धात्मक वातावरण प्रदान गर्ने लक्ष्यका साथ यो लिग आयोजना गर्न लागिएको उनले बताए। प्रतियोगिताका विजेताले रु. चार लाख प्राप्त गर्नेछन् भने उपविजेताले रु. दुई लाख र तेस्रो हुनेले रु एक लाख हात पार्नेछन्। त्यस्तै प्रतियोगिताभर उत्कृष्ट प्रदर्शन गर्दै ‘मस्ट भ्यालुएबल प्लेअर’ (एमभिपी) घोषित हुनेलाई आकर्षक पुरस्कार राखिएको नेबाका अध्यक्ष गुरुङले जानकारी दिए।

# व्यवसायी सदस्य राहत कोषमा सहयोग बढ्दै

झापा । व्यवसायिक संस्थाहरू केवल व्यापारिक हितमा सीमित नहुने, सामाजिक सहकार्य र आपसी सहयोगको साझा प्लेटफर्म बन्न सक्ने उदाहरण पछिल्लो समय झापाको बिर्तामोडमा देखिन थालेको छ ।

बिर्तामोड उद्योग वाणिज्य संघद्वारा स्थापना गरिएको ‘व्यवसायी सदस्य राहत कोष’ अहिले व्यवसायीबीच सहकार्य र सहानुभूतिको अभियानका रूपमा विस्तार हुँदै गएको छ । व्यवसायीलाई आपत्, विपद्, स्वास्थ्य समस्या वा आकस्मिक संकट पर्दा संस्थागत सहयोग उपलब्ध गराउने उद्देश्यले स्थापना गरिएको उक्त कोषलाई एक करोड रुपैयाँ पुर्‍याउने दीर्घकालीन लक्ष्य राखिएको संघले जनाएको छ । कोष स्थापना भएपछि व्यक्तिगत उत्सवलाई सामाजिक योगदानसँग जोड्ने अभ्यास बढ्दै गएको संघका अध्यक्ष राजु न्यौपानेले बताए ।



कोष सुदृढीकरण अभियानअन्तर्गत बिर्तामोडका अग्रज व्यवसायी तथा संघका सल्लाहकार मोहन मित्तल र मधु मित्तल दम्पत्तिले आफ्नो वैवाहिक वर्षगाँठलाई सामाजिक उत्तरदायित्वसँग जोड्दै २३ हजार ३ सय ३३ रुपैयाँ सहयोग गरेका छन् । रकम संघका अध्यक्ष राजु न्यौपाने र राहत कोष संयोजक राजकुमार घिमिरे ‘राजु’लाई हस्तान्तरण गरिएको हो ।

सो अवसरमा संघले मित्तल दम्पत्तीलाई कदरपत्र प्रदान गर्दै सम्मान गरेको थियो । अध्यक्ष न्यौपानेले व्यवसायीहरूले निजी खुसीका क्षणलाई सामूहिक हितसँग जोड्न थालेको प्रवृत्तिले राहत कोषलाई दिगो बनाउने विश्वास व्यक्त गरे ।

उनका अनुसार विगतमा औपचारिक कार्यक्रममै सीमित रहने सहयोग अहिले व्यक्तिगत उत्सवमार्फत नियमित बन्न थालेको छ, जसले व्यवसायीबीच सहकार्यको नयाँ संस्कार विकास गरिरहेको छ ।

संघका महासचिव कुशल खतिवडाको जन्मदिन पनि संघको कार्यालयमै मनाइएको थियो । जन्मदिनलाई औपचारिक शुभकामनामा मात्र सीमित नराख्दै उनले राहत कोषका लागि सात हजार सात सय सात रुपैयाँ सहयोग प्रदान गरेका छन् । उनले रकम अध्यक्ष न्यौपाने र संयोजक घिमिरेलाई हस्तान्तरण गरेका हुन् ।

संघका अनुसार पछिल्लो समय जन्मदिन, वैवाहिक वर्षगाँठ, पारिवारिक स्मृति दिवस तथा पितृ स्मरणका अवसरमा सहयोग गर्ने व्यवसायीको संख्या उल्लेखनीय रूपमा बढ्दै गएको छ । यसले राहत कोषलाई अभियानकै स्वरूप दिएको संघको बुझाइ छ ।

राहत कोषमा २५ लाख रुपैयाँभन्दा बढी रकम संकलन भइसकेको संघले जनाएको छ । लक्ष्यअनुसार रकम वृद्धि हुँदै गए व्यवसायी समुदायका लागि आपत्कालीन सुरक्षा संयन्त्र तयार हुने अपेक्षा गरिएको छ ।

व्यवसायीहरू दुर्घटना, आकस्मिक बिरामी, प्राकृतिक विपद् वा आर्थिक संकटमा परेका बेला तत्काल सहयोग उपलब्ध गराउने संरचना अभाव महसुस भएपछि कोष स्थापना गरिएको संघका पदाधिकारी बताउँछन् ।

व्यवसायिक प्रतिस्पर्धा तीव्र बन्दै गइरहेको अवस्थामा आपसी सहकार्य कमजोर हुने चिन्ता व्यक्त भइरहेका बेला बिर्तामोडमा भने फरक अभ्यास देखिन थालेको छ । व्यक्तिगत उत्सवलाई सामूहिक हितसँग जोड्ने यो अभ्यास दीर्घकालमा व्यवसायी समुदायका लागि अनौपचारिक सामाजिक सुरक्षा प्रणालीको आधार बन्न सक्ने संघको विश्वास छ ।

संघले आगामी दिनमा थप व्यवसायीलाई अभियानमा सहभागी गराउँदै राहत कोषलाई लक्षित रकमसम्म पुर्‍याउने योजना अघि बढाएको जनाएको छ । व्यवसायी समुदायको बढ्दो सहभागिताले कोष केवल आर्थिक संरचना मात्र नभई सहकार्य र संवेदनशीलताको साझा प्रतीक बनाउने लक्ष्य लिइएको संघका वरिष्ठ उद्योग उपाध्यक्ष विशाल थापाले बताए ।

# एभरेष्ट स्मार्ट एजुकेसन एकेडेमीको नवौँ वार्षिकोत्सव

झापा । एभरेष्ट स्मार्ट एजुकेसन एकेडेमी बिर्तामोडको नवौँ वार्षिक उत्सव तथा अभिभावक दिवस विविध कार्यक्रमसहित सम्पन्न भएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष आशिष प्रसाईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वरिष्ठ स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. प्रियंका कटुवाल प्रमुख अतिथि रहेकी थिइन् ।

कार्यक्रममा प्रमुख अतिथि डा. कटुवालसहित प्याब्सन झापाका वरिष्ठ उपाध्यक्ष हरिकृष्ण पाठक, बिर्तामोड नगरपालिकाकी शिक्षा अधिकृत जानुका रेग्मी, योजना अधिकृत जय तिम्सिना, सामाजिक व्यक्तित्व किशोर प्रसाई, कपिल प्रसाई तथा न्यूटन्स एजुकेसन एकेडेमीका प्रिन्सिपल देवेन्द्र हुमागाईलगायतले संयुक्त रूपमा दीप प्रज्वलन गर्दै शिक्षासेवी तथा विद्यालयका संस्थापक स्वर्गीय हरि प्रसाईको तस्वीरमा माल्यार्पण गरी कार्यक्रम उद्घाटन गरेका थिए ।

कार्यक्रममा सहभागी वक्ताहरूले शिक्षासेवी स्वर्गीय हरि प्रसाईले शिक्षा क्षेत्रमा पुर्‍याएको योगदानको स्मरण गरेका थिए ।



कार्यक्रममा सहभागी वक्ताहरूले निजी विद्यालयले गुणस्तरीय शिक्षा प्रदान गर्दै स्थानीय शैक्षिक विकासमा महत्वपूर्ण योगदान पुर्‍याइरहेको बताएका थिए । कार्यक्रममा प्याब्सन बिर्तामोड नगर अध्यक्ष सुरेन्द्र खरेललगायतको सहभागिता रहेको थियो ।

वार्षिकोत्सवका अवसरमा सञ्चार क्षेत्रमा पुर्‍याएको योगदानको कदर गर्दै पूर्वाञ्चल दैनिकका सह-सम्पादक सुरेन्द्र भण्डारीलाई अभिनन्दन गरिएको थियो । संस्थागत विद्यालयको विकासमा योगदान पुर्‍याएको भन्दै बालकल्याण अंग्रेजी स्कुल चारपानेका संस्थापक राम सिटौलालाई सम्मान गरिएको थियो भने असल अभिभावकका रूपमा व्यवसायी ओमप्रकाश श्रेष्ठ र डा. चाँदनी प्रधान सम्मानित भएका थिए ।

यसैगरी उत्कृष्ट शिक्षकको रूपमा शिक्षक तीर्थराज खतिवडालाई सम्मान गरिएको थियो ।

एसईई २०८० मा उत्कृष्ट नतिजा ल्याउने निकिता तामाङ तथा २०८१ मा उत्कृष्ट प्रदर्शन गर्ने सिद्धान्त ढकाललाई नगद पाँच हजार रुपैयाँसहित सम्मान गरिएको थियो ।

कार्यक्रममा विद्यार्थीहरूले नृत्य, गीत तथा सांस्कृतिक प्रस्तुति प्रस्तुत गरेका थिए। कक्षा १० का विद्यार्थी सम्भव प्रसाईले स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रमको सञ्चालन सञ्चारकर्मी लिला अनमोलले गरेकी थिइन् ।

विद्यालय व्यवस्थापन समिति सदस्य निरु उप्रेती ओली, डा. पुष्पक रेग्मी, वीरता लेडी जेसीजकी पूर्वअध्यक्ष संगीता गिरी, निवर्तमान अध्यक्ष निशा शाक्यलगायतको आतिथ्यता रहेको थियो ।

यसैबीच विद्यालयका प्रिन्सिपल अनुप शर्माले संस्थाले स्थापना कालदेखि नै गुणस्तरीय, व्यवहारिक तथा जीवनोपयोगी शिक्षा प्रदान गर्ने लक्ष्यसहित अघि बढेको बताए ।अभिभावक, शिक्षक, कर्मचारी, विद्यार्थी र शुभेच्छुकहरूको निरन्तर सहयोग र विश्वासकै कारण विद्यालयले शैक्षिक यात्रामा उल्लेखनीय उपलब्धि हासिल गरेको उनको भनाइ थियो ।

शर्माले विद्यालयले विद्यार्थीकेन्द्रित शिक्षण पद्धति, परियोजना कार्य, प्रस्तुति, समूहगत सिकाइ तथा आधुनिक मूल्याङ्कन प्रणालीलाई प्राथमिकतामा राख्दै कक्षा शिक्षणलाई जीवनसँग जोड्ने प्रयास गरिरहेको बताए ।

आन्तरिक तथा बाह्य मूल्याङ्कनमा विद्यार्थीको नतिजा प्रत्येक वर्ष सुधार हुँदै गएको जानकारी दिँदै उनले विस्तृत शैक्षिक प्रतिवेदन परीक्षा परिणामसँगै सार्वजनिक गरिने उल्लेख गरे ।

डे-स्कुल अवधारणाअनुसार बिहानदेखि बेलुकासम्म नियमित पठनपाठन सञ्चालन भइरहेको र सह-पाठ्यक्रम गतिविधि, खेलकुद, सांस्कृतिक कार्यक्रम तथा सिर्जनात्मक अभ्यासमार्फत विद्यार्थीको अनुशासन, आत्मविश्वास र नेतृत्व क्षमता विकास भएको उनले बताए ।

विद्यालयमा नर्सरीदेखि फोनिक्स कक्षा, कक्षा १ देखि ७ सम्म लेखन अभ्यास, कारखाना कक्षा, स्काउट तथा कोडिङ कक्षा सञ्चालन भइरहेको उनले जानकारी दिए। परीक्षा केन्द्रित मोटिभेसनल सेसन तथा प्रि-बोर्ड परीक्षा नियमित सञ्चालन गरिएको पनि उनले बताए । शिक्षक विकासलाई प्राथमिकता दिँदै तीन वटा क्षमता अभिवृद्धि कार्यशाला सञ्चालन गरिएको तथा अभिभावक शिक्षा कार्यक्रममार्फत पोषण, स्वास्थ्य र अभिभावक अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको उनले उल्लेख गरे । आगामी वर्ष अभिभावक तालिमलाई थप विस्तार गरिने योजना रहेको उनले सुनाए।

भौतिक पूर्वाधार सुधारतर्फ विद्यालयले कक्षाकोठा, सिकाइ सामग्री तथा बालमैत्री वातावरण विकासमा जोड दिएको र नयाँ शौचालय तथा चेन्जिङ रुम निर्माण भइरहेको जानकारी दिए ।

आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै उनले विद्यालयको मुख्य आय स्रोत विद्यार्थी शुल्क रहेको बताए। वार्षिक रूपमा शिक्षक तथा कर्मचारी तलबतर्फ करिब एक करोड सत्तरी लाख रुपैयाँ खर्च हुने, यातायात तथा इन्धनतर्फ करिब पचास लाख ५८ हजार रुपैयाँ खर्च हुने जानकारी उनले दिए ।

विद्युत् तथा पानीमा सात लाख, सामाजिक सुरक्षा कोषमा चार लाख ४० हजार, घरबहाल कर १३ लाख, आयकर नौ लाख तथा छात्रवृत्तिमा ६७ लाख रुपैयाँ खर्च गरिएको उनले बताए ।

सीमित स्रोतसाधन, बढ्दो शैक्षिक आवश्यकता र अस्वस्थ प्रतिस्पर्धा चुनौतीका रूपमा रहे पनि आगामी दिनमा शैक्षिक गुणस्तर अभिवृद्धि, शिक्षक विकास, प्रविधिमैत्री शिक्षण र अभिभावकसँग सहकार्यलाई थप सुदृढ बनाउने योजना रहेको उनले स्पष्ट पारे ।

कार्यक्रमका अन्त्यमा विद्यालयको विकासमा सहयोग पुर्‍याउने अभिभावक, शिक्षक, कर्मचारी, विद्यार्थी तथा शुभेच्छुकप्रति उनले आभार व्यक्त गरेका थिए ।

# एमालेको झण्डा जलाउने पक्राउ

काठमाडौँ, फागुन ८ । दाङको तुल्सीपुर उपमहानगरपालिका -५ को विरेन्द्र चोकमा नेकपा (एमाले) को चुनाव चिन्ह अङ्कित झण्डा जलाएको आरोपमा ५५ वर्षीय बुद्धिबहादुर बस्नेत पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी उपरीक्षक रेशम बोहराका अनुसार दाङको तुलसीपुर उपमहानगरपालिका-५ विरेन्द्र चोकमा भएको उक्त घटनामा सङ्लग्न दाङ तुलसीपुर उपमहानगरपालिका-७ कालाखोला बस्ने ५५ वर्षीय बस्नेतलाई शुक्रबार नियन्त्रणमा लिइ थप अनुसन्धान अगाडि बढाइएको हो ।

घटनामा सङ्लग्न अन्य व्यक्तिहरुको खोजी भइरहेको तथा उक्त घटनाले सामाजिक सद्भावमा खलल पुर्‍याउने भएकोले कानुन बमोजिम कारवाही प्रक्रिया अघि बढाइएको उनको भनाइ छ । फागुन ७ गते बिहीबार राष्ट्रिय स्वतन्त्र पार्टीका सभापतिलाई स्वागत गर्न उपस्थित भीडमा केही अपरिचित व्यक्तिहरुले नेकपा (एमाले) को चुनाव चिन्ह अङ्कित झण्डा जलाइको भिडियो सामाजिक सञ्जालमार्फत प्राप्त भएको प्रहरीले जनाएको छ ।


**कनकाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जामुनबारी, झापा**
**कोशी प्रदेश, नेपाल**

**सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना**

**पूर्वतर्फ श्री जुनू राई**
**पश्चिमतर्फ श्री युवराज पौडेल**
**उत्तरतर्फ श्री अनारमुनि प्रोपटि डिल्कस बिजेनेस प्रा. लि**

यस कनकाई नगरपालिका वडानं. २ निवासी श्री अनिता आङवोलेनीजका नाममा दर्ता कायम रहेको तपशिल बमोजिमको जग्गामाभवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनि घरनक्सा सहित निवेदनपेशगरेकोमास्थानीय सरकार सञ्चालय ऐन 2074 को दफा 31 को उपदफा (क)बमोजिम यो सूचना प्रकाशित गरिएको छ । उक्त बिवरणमा तपाइको कुनै हकदावी भए यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिनभित्र प्रमाणसहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दाबी बिरोध नआए कानून बमोजिम भइ जाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल | भवनको नाप |
|---|---|---|---|
| कनकाई २ | २४५२ | 0-0-9.75 | ३६'-०" X २६'-०" |


# प्रतिनिधिसभा विघटनविरुद्धको रिटको औचित्य सकिदै

काठमाडौँ । जेन-जी आन्दोलनको बलमा गठन भएको सुशीला कार्की नेतृत्वको सरकारले गरेको प्रतिनिधिसभा विघटनविरुद्धको रिटलाई सर्वोच्च अदालतले फेरि पनि साधारण तारिखमा राखेको छ ।

अधिवक्ता प्रेमराज सिलवालका अनुसार सर्वोच्चले फागुन २२ लाई साधारण तारिख तोकेको छ । सरकारले २१ फागुनमा निर्वाचनको तयारी पूरा गरेको छ । मुद्दाको अंग नपुगेकाले पेशी नतोकिएको उनले बताए ।

संसद् विघटनविरुद्ध सर्वोच्च अदालतमा कात्तिक १२ गते संवैधानिक इजलासले १६ वटा रिट निवेदनमाथि सुनुवाइ गर्दै बाटोको म्याद बाहेक सात दिनभित्र लिखित जवाफ पेस गर्न आदेश दिएको थियो ।

त्यसपछि नेकपा एमालेका सांसद र नेपाली कांग्रेसले फरक फरक रिट दायर गरेका थिए । उनीहरुले दायर गरेको रिटमा लिखित जवाफ मागेको थियो । सबै रिटमा विपक्षी बनाइएकाहरुबाट लिखित जवाफ पेस भएपनि केही विषयमा अझै फाइल आउन बाँकी भएकाले सर्वोच्च अदालतले साधारण तारिख मात्रै दिएको हो । हालसम्म यी रिटहरुमा प्रारम्भिक सुनुवाइ मात्र भएको छ ।

थप सुनुवाइ कहिले हुन्छ अझै टुंगो लागेको छैन ।सर्वोच्च अदालतको सवैधानिक इजलासमा सार्वजनिक सरोकार र दलहरुको रिट विचाराधीन छ । प्रतिनिधिसभा विघटन र वर्तमान प्रधानमन्त्री सुशीला कार्की पनि असंवैधानिक रूपमा पदमा नियुक्त भएको भन्दै राष्ट्रपतिबाट गरिएको निर्णय बदर गर्न रिटमा गरिएको छ । तोकिएको मितिमा निर्वाचन सम्पन्न भएमा यी रिटहरु औचित्य सकिने छ ।


**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

**१५ दिने सूचना**

सधियार पश्चिमः श्री रतन अग्रवालको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ३ हाल बिर्तामोड नगरपालिका, वडा नं. ५ बस्ने श्री रेनुका रेग्मीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ५ | १७९०० ८०४ | २२० | १६९.३० | २०८२/ ०५ /१७ | २०८२/ ०५ /१७ | २०८२/ ०९/०१ |

**कनकाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जामुनबारी, झापा**
**कोशी प्रदेश, नेपाल**

**सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना**

**पूर्वतर्फ श्री राजु खनाल**
**पश्चिमतर्फ श्री सबिना भट्टराई**
**उत्तरतर्फ श्री तुलसा थपलिया**

यस कनकाई नगरपालिकावडानं. ८ निवासी श्री गिता चौधरीले नीजका नाममा दर्ता कायम रहेको तपशिल बमोजिमको जग्गामाभवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनि घरनक्सा सहित निवेदन पेशगरेको मा स्थानीय सरकार सञ्चालय ऐन 2074 को दफा 31 को उपदफा (क)बमोजिम यो सूचना प्रकाशित गरिएको छ । उक्त बिवरणमा तपाइको कुनै हकदावी भए यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिनभित्र प्रमाणसहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला ।म्यादभित्र कुनै दाबी बिरोध नआए कानून बमोजिम भइ जाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल | भवनको नाप |
|---|---|---|---|
| कनकाई ८ | 5314 | 0-0-9 | ३४'-९" X २६'-३" |

**कनकाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जामुनबारी, झापा**
**कोशी प्रदेश, नेपाल**

**सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना**

**पश्चिमतर्फ श्री चन्द्रबहादुर गिरी**
**दक्षिणतर्फ श्री चित्ररेखा बस्नेत कार्की**

यस कनकाई नगरपालिका वडा नं. ८ निवासी श्री दुर्गा आचार्यले निजका नाममा दर्ता कायम रहेको तपशिल बमोजिमको जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनि घरनक्सासहित निवेदन पेश गरेकोमा स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 31 को उपदफा (क)बमोजिम यो सूचना प्रकाशित गरिएको छ । उक्त बिवरणमा तपाईको कुनै हकदावी भए यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिनभित्र प्रमाणसहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला ।म्यादभित्र कुनै दाबी बिरोध नआए कानून बमोजिम भइजाने व्यहोरा समेत सूचित गरिन्छ ।

**तपशिल**

| जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल | भवनको नाप |
|---|---|---|---|
| कनकाई ८ | 4474 | 0-0-15 | ३९' X २४'-9" |


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# उम्मेदवारमाथि प्रहार

फागुन २१ गते हुने तय भएको निर्वाचनका लागि उम्मेदवारी दर्ता भई उम्मेदवारहरु चुनावी प्रचारप्रसारमा छन् । निर्वाचन हुन दुई हप्ता पनि समय बाँकी नरहेको अवस्थामा केही व्यक्तिहरूले 'निर्वाचन हुन्छ कि हुँदैन?' भन्ने अन्योल जाहेर गर्दैछन्। जबकि सरकारले जसरी पनि तोकिएको समयमा निर्वाचन गरिछाड्ने प्रतिबद्धता मात्र जाहेर गरेको छैन, मतपत्र छपाइ गर्नुका साथै सुरक्षाका सबै संयन्त्र परिचालन गरिसकेको छ। निर्वाचन कर्मचारीको नियुक्ति दिई तालिमसमेत दिइसकेको छ। आचारसंहिता कडाइसाथ लागु गर्नुका साथै कतिपय उम्मेदवारलाई आचारसंहिता उल्लंघन गरेको भनी स्पष्टीकरण समेत मागिएको अवस्था छ।

प्रतिनिधिसभा सदस्यको निर्वाचन आउन १२ दिन मात्रै बाँकी रहँदा उम्मेदवारहरु मतदाताको चौतर्फी प्रश्नको घेरामा पर्न थालेका छन् । मतदाताहरुले आक्रोश ब्यक्त गर्दै किन मत दिने भनेर प्रश्न खडा गर्न थालेका छन् । यसैक्रममा बिहीबार झापाको क्षेत्र नम्बर–२ का उम्मेद्वारहरुमाथि मतदाताहरुले प्रश्नको वर्षा नै गरे । न्यूज २४ टेलिभिजनले आयोजना गरेको प्रतिनिधिसभा सदस्य निर्वाचन लक्षित झापा क्षेत्र नम्बर–२ को चुनावी बहस कार्यक्रममा मतदाताले किन मत दिने भन्दै उम्मेदवारलाई न्याखन्याक्ती पारेका थिए ।

विभिन्न राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारहरू एउटै मञ्चमा उभिएर आफ्ना एजेन्डा प्रस्तुत गर्दै बहसमा सहभागी भएका थिए । कार्यक्रममा नेकपा एमालेका उम्मेदवार पूर्व सभामुख देवराज घिमिरे, नेपाली कांग्रेसकी उम्मेदवार पूर्व राज्यमन्त्री सरिता प्रसाई, नेपाली कम्युनिष्ट पार्टीकी उम्मेदवार संविधानसभा सदस्य धर्मशिला चापागाँई, राप्रपाका उम्मेदवार अधिवक्ता स्वागत नेपाल, श्रम संस्कृति पार्टीका उम्मेदवार युवा अभियन्ता केशव भण्डारी, नेकपा माओवादीका उम्मेदवार अर्जुन पाण्डे, उज्यालो नेपालका उम्मेदवार क्याप्टेन सीके बेघा, जनता समाजवादी पार्टीका उम्मेदवार अभिषेक राई तथा स्वतन्त्र उम्मेदवार डा. युवराज संग्रौलाको सहभागिता थियो । कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की उम्मेदवार तथा पूर्व उपसभामुख इन्दिरा राना मगर अनुपस्थित थिइन् । निर्वाचन समयमा भएन भने सरकार पूर्ण रूपले असफल साबित हुनुका साथै मुलुकमा भयावह स्थिति उत्पन्न भई भाडभैलो हुने निश्चित छ । त्यसकारण सरकार निर्वाचनप्रति अडिग रहेको भन्नेमा दुईमत नहोला।


Pratidin National Daily

प्रतिदिन



तपाई जहाँ भएपनि

प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि

लगइन गर्नुहोस

www.pratidindaily.com


# लोकतन्त्रपछि विकासमा फड्को



• श्रीमन नारायण

यतिबेला एउटा समूह लोकतन्त्र, परिवर्तन, संघीयता र अग्रगमनको विपक्षमा नकारात्मक भाष्य स्थापित गर्न लागिपरेको छ । निरङ्कुश पञ्चायती वा राजाको प्रत्यक्ष शासनमा देशमा थुप्रै कलकारखाना सक्रिय थिए । रोजगारको अभाव थिएन, जनता सुखी थिए जस्ता तर्क अघि सार्ने गरिन्छ । यथार्थमा त्यतिबेला नेपालको शैक्षिक स्तर निकै कमजोर थियो । कर्मचारीको तलब सुविधा पनि न्यून थियो । गरिबी उत्कर्षमा थियो । शिक्षा-स्वास्थ्य र यातायातको क्षेत्रमा खासै प्रगति भएको थिएन ।

लोकतान्त्रिक शासन प्रणालीको तुलनामा निर्दलीय व्यवस्थामा विकास गर्न सहज हुन्छ, किनभने एउटा तानाशाहको आदेश मानिदिए पुग्यो । न्यायपालिका पनि शासकको विरुद्धमा जान चाहँदैन । छिटोछरितो कार्यान्वयनमा ल्याइन्छ । न मुआब्जाका लागि धर्ना-जुलुस र प्रदर्शन हुन्छ, न निर्माण कम्पनीसित जथाभाबी चन्दा लिने गरिन्छ न त धम्क्याएर निर्माण स्थलमा अवरोध नै खडा गरिन्छ । फलानो देशको लगानी भित्रिन सक्दैन, फलानो देशले मात्रै विकास निर्माणको काम मात्रै गर्नु पर्छ भन्ने तर्क गरिन्छ ।

लोकतन्त्रमा भने त्यस्तो हुँदैन । दर्जनौँको संख्यामा खुलेका पर्यावरणवादी संघ-संस्था, मानव अधिकारवादी संस्था, सरोकार समूह उपभोक्ता संघ, राजनीतिक दलका नेता र कार्यकर्ता आफ्नो निहित स्वार्थपूर्तिका लागि अवरोध पुऱ्याउने काम गर्छन्, फलस्वरूप विकासनिर्माणको काम बाधित हुन्छ ।

वकिलहरू अदालतमा पुगेर सन्धि सम्झौता, टेन्डर आदिलाई रोक्ने काम गर्छन् । ठेकेदार दशकौँसम्म एउटा निर्माण कार्यलाई रोकेर राख्छन्, अधुरो अवस्थामा छाड्छन् । राजनीतिक दलहरूबाट पनि गल्ती भएकै हो । दलहरू पनि सच्चिनु आवश्यक छ । लोकतन्त्रमा हामी प्रधानमन्त्री र सरकारको आलोचना गर्न सक्छौँ । सरकारको कमीकमजोरीलाई औँल्याउन सक्छौँ तर तानाशाही शासनमा त्यस्तो हुँदैन ।

नेपालमा प्रजातन्त्रको पुनर्स्थापना भएको साढे तीन दशकमा धेरै विकास भएका छन् । जनताको जीवनस्तरमा सुधार भएको छ । पञ्चायती व्यवस्थामा राजपरिवारका सदस्य मन्त्री र उच्च पदस्थ कर्मचारीबाहेक अरू कोही विदेश जान सक्दैनथे । अहिले दैनिक सैकडौँको संख्यामा गरिब नेपाली जनता पनि विदेश गइरहेका छन्, पैसा कमाइरहेका छन् ।

नेपालमा पञ्चायती शासनको अन्त्य र देशमा बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएपश्चात् देशमा भएका विकासको तुलनात्मक अध्ययन गर्दा २०४७ सालसम्म देशमा पाँच सय मेगावाट बिजुली उत्पादन मात्रै हुन्थ्यो भने अहिले यो तीन हजार पाँच सय मेगावाटसम्म पुगेको छ । २०४७ सालसम्म गरिबी रेखामुनि रहेका नेपालीको संख्या ४१.७६ प्रतिशत थियो भने अहिले यो २०.२७ प्रतिशत छ । झन्डै आधी भएको छ । प्रतिव्यक्ति आयको तुलना गर्ने हो भन्ने हो भने ३५ वर्षअघि यो १८५.८ डलर थियो भने अहिले यो एक हजार पाँच सयमा पुगेको छ । मानव विकास सुचकाङ्क पहिला ०.३९५ थियो भने अहिले ०.६०१ भएको छ । वार्षिक राष्ट्रिय बजेट २०४७ सालमा २० अर्ब थियो भने अहिले यो २० खर्बको नजिक पुगेको छ ।
विसं २०४७ सम्म देशमा ८,८५१ किलोमिटर सडक सञ्जाल मात्रै थियो भने अहिले यो ३४ हजार २७४ किलोमिटरसम्म पुगेको छ । पहिला देशभरिमा एक हजार ९६ स्वास्थ्य चौकी मात्रै थिए भने अहिले यसको संख्या ७,८९८ पुगेको छ । साक्षरता दर पहिला ३९.६ प्रतिशत रहेकोमा हाल ७६.२ प्रतिशत रहेको छ । पहिला बाल मृत्यु दर ९७ रहेकोमा अहिले यो १६ मा पुगेको छ ।

०४७ सालसम्म त देशमा नेपाल स्टक एक्सचेन्जको स्थापना नै भएको थिएन । सन् १९९४ मा यसको स्थापना भयो । कुल गार्हस्थ उत्पादन (जिडिपी) १०३ अर्ब रुपियाँ रहेकोमा हाल यो ६,१०७.२२ अर्ब पुगेको छ । औसत आयु पहिला ५४.८३ वर्ष रहेकोमा हाल यो ७२.१९ वर्ष पुगेको छ । वार्षिक पर्यटक आगमन २.५४ लाख रहेकोमा अहिले यो १२ लाखभन्दा बढी पुगेको छ । २०४७ सालसम्म देशमा पाँच वटा पाँचतारे होटल रहेकोमा हाल यसको संख्या पनि २८ पुगेको छ । २०४७ सालसम्म कुल बैङ्क तथा वित्तीय संस्थाका संख्या ४४१ रहेकोमा हाल यसको संख्या ११,५१६ पुगेको छ । कुल निक्षेप रकम २२ अर्ब रुपियाँ रहेकोमा हाल यो ६७ खर्ब पुगेको छ ।

सवारीसाधनको संख्या ७६ हजार ३७८ रहेकोमा अहिले ५५.३ लाख रहेको छ । २०४७ सालसम्म देशले कुल सात अर्ब रुपियाँ बराबरको निर्यात गर्ने गरेकोमा अहिले यो दुई सय अर्ब रुपियाँ पुगेको छ । २०४० सालसम्म १२ कक्षा उत्तीर्ण गरेकाको संख्या २.८८ प्रतिशत रहेकोमा अहिले यो ४०.६० प्रतिशतसम्म पुगेको छ । अनेकौँ यस्ता क्षेत्र छन्, जहाँ विगत ३५ वर्षमा उल्लेख्य प्रगति भएको छ । पञ्चायती व्यवस्थामा जति पनि कलकारखाना खुले ती सबै विदेशी सहयोगमा खुलेका थिए । नेपाल सरकारसित त्यति पैसा नै थिएन ।

मलेसियाका महाथीर मोहम्मदले आफ्नो देशमा निरङ्कुशतापूर्वक शासन चलाए । स्वदेशी उत्पादनलाई बढावा दिए । वैदेशिक लगानी भित्र्याउन कन्जुस्याइँ गरेनन् र देशलाई विकसित बनाए । उनले पनि राष्ट्रियताको सङ्कीर्ण नारा लगाएको भए मलेसिया पनि नेपाल, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का र अफगानिस्तानकै अवस्थामा रहने थियो । हुन त सबै नेता सिङ्गापुर बनाउने वाचा गर्छन् तर सिङ्गापुर बनाउन सजिलो हुँदैन ।

लि क्युआन जसलाई आधुनिक सिङ्गापुरको विकासका एक महान् अभियन्ता मानिन्छ, उनी पनि आफ्नो देशमा निरङ्कुशता लागु गरेर नै देश विकास गरेका थिए । चीनले आर्थिक विकास गर्नुको मुख्य कारण एकदलीय शासन हुनु नै हो । भारत लोकतान्त्रिक देश भएर पनि यति धेरै विकास हुनु सामान्य उपलब्धि होइन । नेपालसहित दक्षिण एसियाका अधिकांश देश जहाँ लोकतान्त्रिक शासन छ, त्यहाँका जनतालाई लोकतन्त्र मन पर्छ भारतको जस्तो शासन प्रणालीलाई नै आत्मसात् गर्नु पर्छ । लोकतन्त्रको सुदृढीकरणको निम्ति जनताको त्याग र समर्पण चाहिन्छ । जनताभन्दा बढी नेता र शासकको इमानदारी, समर्पण राष्ट्रप्रेम र दृष्टिकोण चाहिन्छ । नेपालमा विगत साढे तीन दशकमा भएका विकास कार्य सन्तोषजनक मात्रै होइन, उत्साहबर्धक छन् ।

आशावादी पानीले भरिएको आधा ग्लासमा पनि सन्तुष्टि व्यक्त गर्छन्, जबकि निराशावादी त्यसलाई आधा ग्लास खाली मात्रै हेर्ने गर्छन् । लोकतान्त्रिक शासनमा काम नै भएन अथवा राजनीतिक दलहरू सत्तामा बसेर काम नै गरेनन् भन्ने सोच निराशावादी र दुर्भाग्यपूर्ण हो । एक्काइसौँ शताब्दीमा र बदलिँदो विश्वको परिस्थिति र भूराजनीतितिर दृष्टि दिने हो भने नेपाल पनि त्यसभन्दा फरक छैन । हामी पनि आधुनिक विश्वका त्यसै परिवारका एक सदस्य हौं । सबैको अपेक्षा अनुसार देशमा काम हुन सकेन तर जति काम भएका छन् ती काम सन्तोषजनक छन् । केही भएन भन्ने भाष्य सिर्जना गरेर नागरिकमा भ्रम फैलाउनु हुँदैन । गोपबाट

# अब हाम्रा रोकौं, राम्रा रोजौं



• ब्रहिम कार्की

केही महिनाअघि मेरो एकजना आफन्त छोटो बिदामा विदेशबाट नेपाल आएका थिए। दशकभन्दा बढी समय उनले परदेशमै पसिना बगाए। त्यो समय यति लामो थियो कि उनले आफ्नै छोरीको अनुहार राम्रोसँग देख्नसमेत पाएका थिएनन्। घर फर्किंदा वास्तविकता झन् कठोर थियो। उनकी श्रीमतीले अर्को जीवन रोजिसकेकी थिइन्, छोरी हजुरबुवा-हजुरआमासँग बस्थिन्।

जब उनी घरभित्र छिरे, आफ्नै छोरीले बुवालाई चिन्न गाह्रो मानिन्। त्यो क्षण शब्दमा उतार्न सकिने थिएन। म पनि त्यहीँ उपस्थित थिएँ। आँखा भरिए, मन नै भारी भएर आयो। केहीबेरपछि उनले छोरीलाई अँगालो हालेर भक्कानिँदै रोए। बुवाको त्यो रोदन कुनै कमजोरी थिएन, त्यो त वर्षौंको बिछोडको चिच्याहट थियो।
उनी केवल १० दिनको छुट्टी लिएर आफ्नो देश आएका थिए। त्यही १० दिनले जीवनभरको दूरी मेटिँदैन रहेछ। एक हिसाबले भन्दा उनलाई आफ्नै देश पनि विदेशजस्तै भएको थियो। नेपाल छोड्ने दिन म पनि बिदाइ गर्न पुगेँ।

विमानस्थलतिर हिँड्दा उनले आफ्नी छोरी र आमा-बुवालाई अँगालो हालेर, आँखा भारी आँसुसहित भने, 'अब देशमा चुनाव आउँदैछ। राम्रालाई भोट हाल्नुस्, हाम्रालाई होइन। देश विकसित होस्, देशमै रोजगारी सिर्जना होस्, ताकि मेरी छोरीहरू र आउने सन्तति परदेसिन नपरोस्।' त्यो सुन्दा मेरो मन चिराचिर भयो। आखिर खुसी भनेको के हो र। आफ्नै आँगनमा आफ्ना छोराछोरी हुर्किएको देख्नु नै त हो।

त्यही क्षण राजनीतिप्रति रिस पनि उठ्यो। जनताले यत्रो मौका दिए, भरोसा दिए। तर धेरैले आफ्नो स्वार्थबाहेक अरू केही देखेनन्। अलिकति देशका लागि सोचेको भए, आज हामी कहाँ पुग्थ्यौं होला। मलाई लाग्यो, अब नयाँ पुरानो होइन, राम्रो र नराम्रो छुट्ट्याएर भोट हाल्ने समय आएको छ। उनी एक्ला होइनन्। उनीजस्तै कयौँ हरेक दिन बिदेसिन बाध्य छन्। यस्ता दृश्य देख्दा मन खिन्न हुन्छ। आखिर किन हाम्रा युवाहरू आफ्नै देशमा अवसर नपाएर बाहिर जानुपर्छ। यो निर्वाचनले आशा दिएको छ, तर मनको कुनामा डर पनि छ, फेरि गलत निर्णय नहोस् भनेर। एउटा भनाइ नै छ, ' टाँसिन्छ ? यहाँ नयाँ र पुरानोको बहस होइन, राम्रो र नराम्रो छुट्ट्याउने समय आएको छ। किनकि गलत रोजाइको मूल्य केवल आजले होइन, हाम्रा सन्तानको भोलिले तिर्छ।
हाम्रो एउटा मतले नेपाललाई ठूलो आशा दिन सक्छ। यो बेला झण्डा होइन, देश हेर्ने हो। एउटा भनाइ छ, 'समय बलवान् हुन्छ।' तर समय आफैं केही गर्दैन, हामीले त्यसलाई के गर्छौं, त्यही निर्णायक हुन्छ। आज हामीले आँखा



आशा भनेको उज्यालो देख्ने आँखा हो।' तर त्यो उज्यालो देख्न हामीले आँखा खोल्नैपर्छ, विवेकले भोट हाल्नैपर्छ। नत्र, परदेसिने बुवाको आँसु र नचिन्ने छोरीको नजर यत्तिकै दोहोरिरहनेछ।

आउँदो निर्वाचन केवल एउटा मिति होइन, यो हाम्रो सामूहिक विवेकको परीक्षा हो। यो त्यो क्षण हो, जहाँ एउटा मतले पनि देशको भविष्य मोडिन सक्छ। नेपालले आज फेरि एकपटक हामीतर्फ आशाले भरिएका आँखाले, थाकेका मनले, र भविष्य खोजिरहेका युवाका सपना बोकेर हेरेको छ। हामीले अब पार्टीको नाम होइन, मान्छेको आत्मा, चरित्र र नियत हेर्नुपर्छ। उसको बोलीमात्र होइन, उसको कर्म हेर्नुपर्छ। ऊ सत्तामा पुगेपछि देश सम्झिन्छ कि आफ्ना मान्छे ? ऊ जनतासँग उभिन्छ कि कुर्सीसँग टाँसिन्छ ? यहाँ नयाँ र पुरानोको बहस होइन, राम्रो र नराम्रो छुट्ट्याउने समय आएको छ।

आज हामीले आँखा चिम्लियौं भने, भोलि पछुतोले आँखा रसाउनेछ। सही नेतृत्व छान्न सक्यौं भने, सायद भोलिका छोराछोरीले बिदेसिनु पर्दैन, सायद आमाबुबाको आँखाबाट बिदाइको आँसु झर्ने छैन।

नेपालमा निर्वाचन आउँदा सधैं उही कथा दोहोरिन्छ। यहाँ पार्टीको नाम ठूलो, उम्मेदवारको चरित्र सानो, नियत खराब हुन्छ, तर पनि हामी पार्टीका नाममा त्यही उम्मेदवारलाई भोट हाल्छौ। विगतमा भ्रष्टाचारमा डुबेका मानिसलाई पनि 'हाम्रो पार्टी' भनेर मत दिइन्छ। यहाँ जनताभन्दा कार्यकर्ता धेरै छन्, जो नेताको गल्ती देख्दैनन्, केवल झण्डा देख्छन्। तर अब यसरी चल्दैन। अब परिवर्तनको आवाज गल्ली-गल्लीबाट उठिसकेको छ।
२००६ को शान्ति सम्झौताले बन्दुक त थाम्यो, तर भोक र पिडा थाम्न सकेन। युद्ध सकियो, तर पिडा सकिएन। व्यवस्था फेरियो, तर जनताको अवस्था फेरिएन। नेताहरूले ठूलो सपना देखाए, तर त्यो सपना उनीहरूकै घरआँगनमा सीमित रह्यो। सत्ता र शक्तिले नेता र उनका नातागोताको जीवन फेरियो, तर किसान, मजदुर र युवाको जीवन उस्तै रह्यो। भ्रष्टाचारका कथा दिनहुँ थपिँदै गए, र आज १५-२४ वर्षका युवामध्ये पाँचमध्ये एक बेरोजगार छ। झन्डै एक तिहाइ घरपरिवार रेमिट्यान्सको भरमा बाँचिरहेका छन्। सामाजिक सञ्जालमा आवाज उठाएका युवाले हामीलाई ऐना देखाइदिए। असमानता, भ्रष्टाचार र बेथितिको कुरूप अनुहार अब लुकाउन सकिँदैन। प्रतिबन्धले आवाज दबाउन खोजियो, तर सत्य झन् चर्को भयो।

अर्को पिडा पैसाको खेल हो। महात्मा गान्धीले भनेका थिए, 'संसारमा सबैको लागि पर्याप्त छ, तर लोभ सबै समस्याको जड हो।' यही लोभले हाम्रो निर्वाचनलाई पनि दूषित बनाइरहेको छ। यहाँ मत किन्ने संस्कार छ। यहाँ केही स्थानामा पैसाले मत किन्ने प्रवृत्ति छ। यसले गर्दा पनि हामीले राम्रो व्यक्ति छान्न सक्दैनौ। सरकारहरू ढल्छन्, योजना अधुरा रहन्छन्। लगानीकर्ता डराउँछन्, अर्थतन्त्र लड्खडाउँछ। पर्यटन, जलविद्युत्- सम्भावना प्रशस्तै छन्, तर दूरदर्शी नेतृत्वको अभावले ती सम्भावना कागजमै सीमित छन्।
हामी सधैं उही गल्ती गर्छौं, पार्टी, जात, आस्थाको नाममा मत दिन्छौं। योग्य मानिस पछाडि पर्छ, अयोग्य अगाडि बढ्छ। अब प्रश्न सोध्नुपर्छः उसले विगतमा के गऱ्यो ? उसले कसका लागि काम गऱ्यो ? देशका लागि कि आफ्ना लागि ? पार्टी होइन, व्यक्ति हेर्नुहोस्। यदि कसैले पैसा दिएर मत किन्न खोज्छ भने, पैसा लिनुहोस् तर मत देशलाई दिनुहोस्। किनकि त्यो मत तपाईंको मात्रै होइन, त्यो मत नेपालकै हो। 'परिवर्तन आफैंबाट सुरु हुन्छ' भन्ने कुरा किताबमा होइन, मतदान केन्द्रमा प्रमाणित गर्नुपर्छ। मतदान गर्दा एकछिन् सोच्नुहोस्- यो मौका फेरि छिट्टै आउँदैन। आज गुमायौं भने, वर्षौं कुर्नुपर्छ। देशलाई पहिलो प्राथमिकता दिनुहोस्। झण्डाको रंगमा होइन, विकासको दिशामा मत दिनुहोस्। साथी, परिवार, छिमेकी सबैलाई सही रोजाइतर्फ प्रेरित गर्नुहोस्, ताकि हाम्रो मत खेर नजाओस्। अब नयाँ पुरानो होइन, राम्रो र नराम्रो छुट्ट्याएर मत दिनुहोस्। यो नेपाललाई समृद्ध बनाउने अवसर हो। आज हामीले जिम्मेवारीबाट भाग्यौं भने, भोलि पछुताउने पर्नेछ। नेपालको भविष्य कुनै नेताको भाषणमा होइन, त्यो तपाईं हाम्रो हातमा छ। अपूबाट

# निर्वाचन सामग्री र मतपत्र पुग्यो जिल्ला-जिल्लामा, यस्ता छन् आयोगका 'प्रचार टुल्स'

आमनागरिकलाई मताधिकारको महत्त्व र मतदानको प्रक्रियाका विषयमा जानकारी दिने उद्देश्यले स्वीकृत कार्यक्रमअनुसार देशभरका छ हजार ७४३ वटै वडामा मतदाता शिक्षा कार्यक्रम जारी रहेको निर्वाचन आयोगले जनाएको छ।

आयोगले आज यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा यही फागुन ३ देखि १७ गतेसम्म देशभरका ७५३ स्थानीय तहका छ हजार ७४३ वटै वडामा एकएक जना मतदाता शिक्षा स्वयंसेवक परिचालन गरिएको जानकारी गराइएको हो।

आम मतदाताको बस्ती र घरदैलोमा पुगेर नमूना मतपत्रका माध्यमबाट निर्वाचनको महत्व र मतदान प्रक्रियाबारे मतदातालाई जानकारी गराउने कार्यमा खटिएका स्वयंसेवकबाट भइरहेको आयोगका प्रवक्ता सीता पुन श्रीसले जानकारी दिइन्।

मतदाता शिक्षा कार्यक्रम प्रयोजनका लागि आयोगले स्थानीय तहमा यसअघि तोकेका सम्पर्क व्यक्तिलाई नै निर्वाचन मतदाता शिक्षा कार्यक्रमको अनुगमनकर्ता तोकी अभिमुखीकरण कार्यक्रमसमेत सम्पन्न भइसकेको छ।

निर्वाचन सामग्री र मतपत्र पुग्यो जिल्ला जिल्लामा

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को पूर्वतयारी निर्वाचन आयोगले अन्तिम चरणमा पुर्याएको छ।

आयोगबाट स्वीकृत कार्यतालिकाअनुसार व्यवस्थापकीय कार्यतालिका तोकिएको समयमा सञ्चालित छन्। पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फका मतपत्र छपाइ सम्पन्न भइ सम्बन्धित जिल्लाहरूमा पठाउने कार्य जारी छ।

निर्वाचन सामग्री अधिकांश जिल्लामा पुर्याइसकिएको छ। स्वीकृत कार्यक्रमअनुसार मतदाता शिक्षासम्बन्धी विशेष कार्यक्रम फागुन ३ देखि १७ गतेसम्म ७५३ स्थानीय तहका छ हजार ७४३ वडामा निरन्तर सञ्चालित छ।

निर्वाचन आचारसंहिता अनुगमन एवं परिपालनामा निरन्तरता दिँदै केन्द्रीय आचारसंहिता अनुगमन समितिलगायतका संयन्त्रहरूले सक्रियरूपमा कार्यसम्पादन गर्दै आएका छन्।

यही फागुन ४ गतेदेखि राजनीतिक दलहरूले चुनावको मुख्य प्रचारप्रसारका गतिविधि सुरुआत गरेका छन्। प्रचारप्रसारलाई प्रचलित कानुन र आचारसंहिताको अधीनमा रही शिष्ट र मर्यादित बनाउन आयोगबाट राजनीतिक दल र उम्मेदवारहरूलाई निर्देशन भइसकेको छ।

'डिजिटल प्लेटफर्म'बाट प्रचारप्रसार जारी

निर्वाचन शिक्षा प्रदान गर्ने उद्देश्यले आयोगको निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्रअन्तर्गतको मतदाता शिक्षा एकाइले हालसम्म ३४५ वटा सामग्री आयोगबाट स्वीकृत गराई आयोगको आधिकारिक फेसबुक पेज, एक्स, टिकटक र युट्युबमा राखिएको छ।

मतदाता, राजनीतिक दल, उम्मेदवार तथा सरोकारवाला लक्षित यस्ता सामग्रीले निर्वाचनको स्वच्छता बढाउने र नागरिकलाई आधिकारिक तथा विश्वसनीय सूचना प्राप्त हुने र मिथ्या तथा भ्रमपूर्ण सूचनाको प्रभाव न्यूनीकरणमा सहयोग पुग्ने विश्वास आयोगले लिएको छ।

यस्ता सामग्रीले डिजिटल प्लेटफर्मबाट समेत मतदाता शिक्षा कार्यक्रम प्रवर्द्धन र नागरिक तथा आमसरोकारवालाले आधिकारिक सूचना पाउने अपेक्षा आयोगको रहेको जनाइएको छ।

संवादमूलक सन्देश प्रसारण

मतदाता शिक्षा कार्यक्रम प्रवर्द्धनका लागि आयोगले उत्पादन गरेका संवादमूलक भिडिओ सन्देश, गीति सन्देश, लघु भिडिओ तथा जिङ्गलहरू प्रसारण सुरु गरेको छ।

यस्ता सामग्री आयोगका आधिकारिक डिजिटल प्लेटफर्मबाट प्रसारण भइरहेका छन्। मतदातालाई निर्वाचनमा सहभागी हुन प्रेरित गर्ने, निर्वाचन स्वच्छता बढाउने तथा निर्वाचन आचारसंहिता पालनाका लागि उत्प्रेरित गर्ने सन्देशमूलक सामग्रीबाट मतदान प्रतिशत बढाउने तथा बदर मत प्रतिशत घटाउन भूमिका खेल्ने आयोगको अपेक्षा छ।

कलाकारहरूसँग सहकार्य

आसन्न निर्वाचनको प्रचारप्रसार र मतदाता शिक्षालाई थप प्रभावकारी बनाउन आयोगले राष्ट्रिय कलाकार, सोसल मिडियाका कन्टेन्ट क्रियटर र इन्फ्लुयन्सरसँग सहकार्यका लागि छलफल गरेको छ।

विशिष्ट परिस्थितिमा हुन गइरहेको निर्वाचनको महाउत्सवलाई सहयोग पुर्याउन आयोगले गरेको आग्रहलाई स्वीकार गर्दै सहभागी कलाकारहरूले मतदाता क्षा तथा निर्वाचन स्वच्छता प्रवर्द्धन र मिथ्या सूचना न्यूनीकरणका लागि सत्यतथ्य जानकारी आम मतदातासम्म पुर्याउन आफ्ना डिजिटल प्लेटफर्ममा सन्देश प्रवाहको प्रतिबद्धता जनाइएको छ।

# टिकट नपाएका कांग्रेसका 'हेभिवेट' : कोही मौन, कोही मध्यमार्गी त कोही मैदानमा

काठमाडौं : नेतृत्व पुस्तान्तरणसँगै टिकट खोसिएपछि दशकौंदेखि चुनाव जित्दै आएका नेपाली कांग्रेसका 'हेभिवेट' नेताहरू अहिले फरक–फरक रणनीतिमा देखिएका छन्। कोही मौन, कोही मध्यमार्गी, त कोही खुलेरै चुनावी मैदानमा उत्रिएका छन्।

टिकट खोसिएपछि केही समय अलमलमा परेका नेताहरू अहिले कसैले मध्यमार्गी नीति लिएका छन्। कोही 'कागलाई बेल पाक्यो हर्ष न विस्मात्' भन्ने उक्तिलाई चरितार्थ पार्दै आराम गरिरहेका छन् त कोही भने खुलेरै पार्टीका उम्मेदवारलाई जिताउन लागिपरेका छन्।

मध्यमार्गी बाटोमा देउवा

पार्टीबाट टिकट नपाउने पहिलो नम्बरको 'हेभीवेट' हुन्– निवर्तमान सभापति शेरबहादुर देउवा । विगतमा आफैँ टिकट बाँड्ने उनलाई यसपटक परिस्थितिले याचना गर्ने ठाउँमा पुर्‍यायो। अन्तिम समयसम्म प्रयास गर्दा पनि देउवा दम्पत्तिले टिकट पाएनन्।

३४ वर्षदेखि एकछत्र गृहजिल्ला डडेलधुराबाट जितेर गृहमन्त्रीका रूपमा सरकारमा प्रवेश गरेर पाँचपटक प्रधानमन्त्री भएका देउवा यसपटक टिकट नपाएपछि महाराजगञ्जस्थिति निवासमै आराम गरिरहेका छन्। उनले 'पार्टीलाई अप्ठ्यारो पनि नपार्ने र सहयोग पनि नगर्ने' नीति लिएका उनीनिकट नेताहरू बताउँछन्। देउवाको अजेय क्षेत्र डडेल्धुरामा यसपटक नैनसिंह महरले टिकट पाएका छन्।

टिकट नपाउने हेभीवेट नेतामै पर्छन् निवर्तमान उपसभापति पूर्णबहादुर खड्का। चुनाव लड्न चाहेरै उनले सुर्खेत १ बाट एकल नाम सिफारिस गर्न लगाएका थिए। विशेष महाधिवेशनसँगै पार्टीको आधिकारिकता नै खोसिएपछि तत्कालीन कार्यवाहक सभापतिसमेत रहेका उनले नैतिकताका आधारमा चुनाव नलड्ने घोषणा गरेका थिए।

पार्टीले पूर्णबहादुरकै साइला भाइ विष्णुबहादुर खड्कालाई टिकट दियो। अहिले पूर्णबहादुर सकसमा छन्– सहयोग नगरौँ आफ्नै भाइ, गरौँ आफ्नै टिकट खोसियो। विगतमा पूर्णबहादुरको राजनीतिक यात्रामा उनै विष्णु नजिकका साथी थिए। राजनीतिभन्दा थोरै पर रहेर पनि उनले दाइलाई सहयोग गर्दै आएका थिए। यसबारे पूर्णबहादुर कुनै प्रतिक्रिया दिन चाहँदैनन्। थाहाखबरसँग उनले सुरुमै भने, 'थाहाखबरलाई मेरो कुनै खबर छैन।'

टिकट नपाउने पुराना नेतामा प्रकाशमान सिंह पनि एक हुन्। कांग्रेसका संस्थापक नेतामध्ये एक गणेशमान सिंहका छोरा प्रकाशमानले यसअघि काठमाडौं–१ बाट चुनाव जित्दै आएका थिए। यसटक पनि सिंह यही क्षेत्रबाट पहिलो नम्बरमा सिफारिस भए पनि पार्टीले उनलाई टिकट दिएन। उनको ठाउँमा प्रबल थापालाई उम्मेदवार बनाइएको छ। टिकट खोसिएपछि असन्तुष्ट रहेका उनी पनि प्रतिक्रिया दिन चाहँदैनन्। यद्यपि, उक्त क्षेत्रका कांग्रेसका उम्मेदवार थापाले सिंह दम्पत्तिबाट आशीर्वाद लिएर चुनाव प्रचार सुरु गरेका थिए।

**घरमै आराम गर्दै शशांक**

विपीका पुत्र शशांक कोइरालाले पनि यसपाली उम्मेदवारको टिकट पाएनन्। यसअघि उनले नवलपरासी पूर्वबाट तीनपटक चुनाव जितेका थिए।

चुनावअघि नियमित वा विषेश कुनै खालको महाविधेशन गर्नै हुन्न भन्ने अडान लिएर बसेका कोइरालालाई अन्तिममा भइछाडेको विशेष महाविधेशनबाटै चुनिएको नयाँ टिमले टिकटबाट वञ्चित गरायो।

टिकट नपाएपछि कोइरालालाई आसन्न चुनाव 'कागलाई बेल बाक्यो, हर्ष न विस्मात्' झैँ भएको छ। उनी अहिले घरमै आराम गरिरहेका छन्। छोटो प्रक्रिया दिँदै उनले भने, 'म घरमै आराम गरिरहेको छु।'
कोइराला लड्दै आएको क्षेत्र नवलपरासी पूर्वमा यसपटक गजेन्द्र आलेले टिकट पाएका छन्।
जो पार्टी र उम्मेदवारलाई जिताउन लागिपरे
टिकट नपाएका अधिकांश नेताहरू भने पार्टी र आधिकारिक उम्मेदवारलाई जिताउन खुलेरै लागिपरेका छन्। उनीहरू यतिबेला निर्वाचन केन्द्रित चुनावी सभा, छलफल तथा घरदैलामा पार्टीका अधिकारिक उम्मेदवारसँगै देखिन्छन्।
टिकट नपाउने हेभीवेट बालकृष्ण खाण पछिल्लो समय चुनाव केन्द्रित कार्यक्रमतिरै देखिन्छन्। गृहमन्त्री हुँदा नेपालीहरूलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै ठगी गरेको अभियोगमा मुछिएयता राजनीतिमा त्यत्ति सक्रिय नदेखिएका उनी रूपन्देही–३ बाट पुनः चुनाव लड्न चाहन्थे तर टिकट पाएनन्।
रूपन्देही ३ मा सुशील गुरुङले टिकट पाएका छन्। आफूले टिकट नपाएपनि खाण पार्टीको चुनावी प्रचार सभाहरूमा सहभागी हुँदै आाएका छन्। माघ २० गते रुपन्देही ३ पुगेर उनले चुनावी कार्यक्रमलाई सम्बोधन गरे।
'कांग्रेस जनताको अभिमतलाई विश्वास गर्छ, जनताको मतले निर्वाचनमा परिणाम ल्याउँछ', उनले भने, 'त्यो परिणाम कांग्रेसको पक्षमा ल्याउन सकियोस्, यसका लागि जनतासँग हाम्रो अपिल छ।'
यसपटक टिकट नपाउने अर्का नेता रमेश लेखक हुन्। यसअघि उनले कञ्चनपुर–३ बाट २०५६, ०७०, ०७९ गरी चारपटक चुनाव जितेका थिए। गत भदौको जेनजी विद्रोहका बेला गृहमन्त्री रहेका उनले २३ गते १९ जना आन्दोलनकारीको गाली हानी हत्या गरिएपछि राजीनामा दिएका थिए।
कञ्चनपुर ३ मा कांग्रेसले हरिप्रसाद बोहरालाई उम्मेदवार बनाएको छ। अहिले लेखक उनैलाई जिताउन सक्रिय छन्। थाहाखबरसँग उनले भने, 'चुनावी प्रचारकै लागि म अस्ति मात्रै दुई हप्ता बसेर गएँ (काठमाडौं)। केही दि अघि फेरि यतै (कञ्चनपुर) आएँ।'
निवर्तमान उपसभापति धनराज गुरुङलाई पनि यसपटक पार्टीले प्रतिनिधिसभा सदस्य उम्मेदवारको टिकट दिएन। गुरुङले २०७९ को चुनाव स्याङजा–२ बाट एमालेकी सचिव पद्मा अर्याललाई हराएर जितेका थिए।
उक्त क्षेत्रबाट कांग्रेसले भगवतप्रकाश मल्ललाई उम्मेदवार बनाएको छ। गुरुङ पनि मल्ललाई जिताउन खटिएका छन्। उनले निरन्तर चुनावी अभियानमा सक्रिय रहेको तस्बिरहरू सामाजिक सञ्जालमा शेयर गर्दै आएका छन्।
०७९ को चुनाव संखुवासभाबाट जितेका दीपक खड्काले पनि टिकट पाएनन् तर उनले पनि आफू पार्टीको उम्मेदवारलाई जिताउन लागिपरेको बताए। 'पार्टीकै उम्मेदवारका लागि भोट माग्न घरदैलोतिरै व्यस्त छु म', उनले भने।

टिकटविहीन भएका मोहनबहादुर बस्नेत पनि चुनाव प्रचारमा लागेका छन्। उनी आफ्नो क्षेत्र सिन्धुपाल्चोक २ मा पार्टीले टिकट दिएको उम्मेदवार वंशलाल तामाङको चुनावी सभादेखि अन्य उम्मेदवारका चुनावी सभातिर व्यस्त छन्।

माघ २० गते नै बस्नेतले आफ्नो क्षेत्रका उम्मेदवार तामाङको चुनावी सभालाई सम्बोधन गरेका थिए। काठमाडौँमा आयोतित उक्त कार्यक्रममा बस्नेतले कांग्रेस यसपटक जित्नै पर्ने र सबैतिर प्रचारमा निस्कने बताएका थिए।

अर्का नेता रामहरि खतिवडाले पनि किटकट पाएनन् तर उनी पनि आफ्नो क्षेत्र ओखलढुंगाका उम्मेदवारलाई सघाइरहेका छन्। उनले भने, 'म कांग्रेस जिताउन लागिपरेको छु। सिराहा, जनकपुर हुँदै अहिले आफ्नै जिल्लामा घरदैलोतिरै व्यस्त छु।'

०७९ मा समानुपातिक सांसद बनेका जीवन परियार पनि यसपटक टिकट पनाउने नेतामै पर्छन्। उनीसमेत चुनावी अभियानमै सक्रिय छन्। कांग्रेसले जित्नुपर्ने भन्दै उनले कास्की १ का उम्मेदवार तिलक रानाभाटलाई विजयी गराउन लागेका छन्। उनी निर्वाचनसम्बन्धी विभिन्न अन्तरक्रिया तथा चुनावी घरदैलोमा सहभागी हुँदै आएका छन्।
नेतृ सुजाता कोइराला पनि टिकट नपाउनेमा पर्छिन्। यद्यपि उनी चुनाव लड्ने तय गरेकी थिइनन्। अहिले उनले खुलेरै पार्टीलाई सहयोग गरिहेकी छन्।
विशेष महाधिवेशनपछि पार्टी एक ढिक्का नै रहेको दाबीसहित असन्तुष्ट नेताहरूलाई बरु उनले दिक्क नमान्न र नआत्तिन आग्रह गर्दै आएकी छन्। 'पार्टी कहाँ फुटेको छ ? किन तपाईँहरू डराएको ? फेर अर्को चुनाव आउँछ, त्यसमा सहभागी हुनुस्, नआत्तिनुस्, दिक्क नमान्नुस्, खुसी भएर स्विकार्नुस्', सामाजिक सञ्जालमार्फत उनले भनेकी छन्।

चुनाव नलड्ने स्वघोषणा गरेकाहरू पनि चुनावी प्रचारमा व्यस्त
टिकट नपाएका हेभीवेट नेताहरूका अतिरिक्त कतिपयले चुनाव नलड्ने स्वघोषणा गरेकाहरू पनि चुनावी प्रचारमै व्यस्त छन्। उपसभापति विश्वप्रकाश शर्माले राजीखुसीले नै पहिल्यै यसपटक चुनाव नलड्ने घोषणा गरेका थिए। शर्मा गृह जिल्ला झापाका कांग्रेस उम्मेदवारलाई जिताउने अभियानमा सक्रिय छन्। उनले परिवर्तन आफैँबाट सुरुवात गरेको दाबीसहित अब देश बनाउन भन्दै कांग्रेस उम्मेदवारलाई मत मागिरहेका छन्।
अर्की उपसभापति पुष्पा भुसालले पनि चुनाव नउठ्ने घोषणा गरेकी थिइन्। उनले पनि चुनावी प्रचारसम्बन्धी कार्यहरूमा सामेल भएर उम्मेदवारका लागि मत मागिरहेकी छन्। उनले रूखमा मतदान गरौँ, नेपाली कांग्रेसलाई जिताऔँ भन्ने अपिलसमेत गर्दै आएकी छन्। यस्तै अर्का नेता राजेन्द्र केसी हुन्। उनले पनि निर्वाचन नलड्ने घोषणा गरेका थिए। उनी पनि अहिले आफ्नो क्षेत्रका उम्मेदवार हिमाल कार्कीका लागि मत माग्दै हिँडेका छन्।

उनले भने, 'दायाँबायाँ कुरै छैन। मैले पार्टीका उम्मेदवारका लागि भोट माग्न घरदैलोमा व्यस्त छु।'
पहिल्यै चुनाव नलड्ने घोषणा गरेका अर्का कांग्रेस नेता रामनाथ अधिकारी हुन्। यसअघि धादिङ–२ मा जितेका उनले यसपटक आफ्नो क्षेत्र रमेशप्रसाद धमलाका लागि छाडेका छन्।
धादिङका सभापतिसमेत रहेका अधिकारीले विज्ञप्ति नै जारी गरेर पार्टीले तय गरेका उम्मेदवारको पक्षमा जनताको बीचमा केन्द्रित हुने अपिलसमेत गरेका छन्। चुनाव नलड्ने, पार्टीका युवालाई सहयोग गर्ने पहिल्यै घोषणा गरेका अर्का कांग्रेस नेता जिपछिरिङ लामा हुन्। उनले दोलखाबाट उम्मेदवार बनेका अजयबाबु शिवाकोटीलाई सहोग गरिरहेका छन्।
यसैगरी सोलुखुम्बुका बलबहादुर केसीले पनि पनि चुनाव नलड्ने घोषणा गरेका थिए। उनले आफ्नो क्षेत्रका प्रकाशसिंह कार्कीलाई सहयोग गरिरहेका छन्।
सुर्खेत–२ का हृदयराम थानीले पनि यसपटक चुनावी मैदान छाडे। उनले पनि कांग्रेस उम्मेदवारहरूलाई मत मागिरहेका छन्।

# बालेनलाई कारबाही र नागरिकता रद्दको माग गर्दै गृहमा पर्‍यो उजुरी



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन शाहलाई कारबाही र नागरिकता रद्दको माग गर्दै गृह मन्त्रालयमा औपचारिकरूपमा उजुरी परेको छ।

आफूखुसी थर परिवर्तन गर्ने शाहलाई नागरिकता ऐन बमोजिम आवश्यक कारबाहीका साथै सो नागरिकता रद्द गर्न माग गर्दै युवराज सफलले मन्त्रालयमा उजुरी दिएका हुन्।

कुनै पनि नेपाली नागरिकले तथ्य र कारणसहित आफ्नो थर परिवर्तन गर्न चाहेकोमा नेपाल नागरिकता ऐन २०६३ को दफा (१७) सोही अनुसारको कानुनी व्यवस्था गरेको बताउँदै सफलले उजुरीमा बालेनले प्रक्रिया पूरा गरी वा नगरी कसरी आफ्नो थर परिवर्तन गरेका हुन् सो बारेमा आवश्यक अनुसन्धान गर्न माग गरेका छन्।

बालेनले २०७९ असार १९ गतेका दिन नागरिकता प्रतिलिपि लिँदा जिल्ला प्रशासन कार्यालय काठमाडौँमा पेस गरेका सक्कल फाइल उपरसमेत अनुसन्धान गर्न उनले माग गरेका छन्।

उनले झुटो विवरणको नागरिकता रद्द गरी निजलाई नेपाल नागरिकता ऐन २०६३ बमोजिम हदैसम्मको कारबाही गर्न माग गर्दै उजुरी दर्ता गराएका हुन्।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ। स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ। लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। आकस्मिक धन लाभ हुनेछ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ। तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन्।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला। कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन्।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ। वैदेशिक कार्य पनि अघि बढ्नेछ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ